आज मिति २०८२।१२।३० गते यस लोमन्थाङ गाउँपालिकाको अध्यक्ष श्री टसी न्हर्वु गुरुङको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो।

| सि.नं. | हस्ताक्षर | नाम | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | टसी न्हर्वु गुरुङ | अध्यक्ष | लोमन्थाङ गाउँकार्यपालिकाको कार्यालय |
| २ | | छ्युमी विष्ट | उपाध्यक्ष | लोमन्थाङ गाउँकार्यपालिकाको कार्यालय |
| ३ | | पेमा छिरिङ गुरुङ | का.व. वडाध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | कर्म नाम्डग्याल गुरुङ | वडाअध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | आङ्जेन गुरुङ | वडाअध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | छिरिङ धिण्डु गुरुङ | वडाअध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | डुकके विष्ट | वडाअध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | पासाङ गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| ९ | Kunga | कुंका गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १० | छिरिङ युटिन | छिरिङ युटिन गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| ११ | छुटिन | छुटिन साङ्मो गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १२ | सोनम | सोनम आङ्मो गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १३ | छिरिङ | छिरिङ याङ्जिग गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १४ | | न्युटन लम्साल | सदस्य सचिव/ प्रमुख प्रशासकीय अधिकृत | लोमन्थाङ गाउँकार्यपालिकाको कार्यालय |
| | | अन्य उपस्थिति | | |
| १५ | | तेन्जिङ नुर्वु गुरुङ | जनस्वास्थ्य अधीकृत | लोमन्थाङ गाउँपालिका |
| १६ | | उज्वल चपाई | सहायक लेखा अधीकृत | लोमन्थाङ गाउँपालिका |
| १७ | | सन्तोषराज शर्मा | सहायक आलेप अधिकृत | लोमन्थाङ गाउँपालिका |

प्रस्तावहरुः-

प्रस्ताव नं. १: अघिल्लो बैठक तथा त्रैमासिक समिक्षा सम्वन्धमा।

प्रस्ताव नं. २: वालमैत्री स्थानिय शासन सम्वन्धमा

प्रस्ताव नं. ३: समिति गठन गर्ने सम्वन्धमा।

प्रस्ताव नं. ४: सेवा प्रवाह सम्वन्धमा।

प्रस्ताव नं. ५: O & M गर्ने सम्वन्धमा।

प्रस्ताव नं. ६: विपद बोर्ड राख्ने सम्वन्धमा।

प्रस्ताव नं. ७: शिविर सञ्चालन गर्ने सम्वन्धमा।

प्रस्ताव नं. ८: स्काभेटर मर्मत तथा सर्भिसिङ सम्वन्धमा।

प्रस्ताव नं. ९: छुर्पी प्रर्वद्धन कार्यक्रम सम्वन्धमा।

प्रस्ताव नं. १०: फापर खेती विकास कार्यक्रमको निरन्तरता सम्वन्धमा।

निर्णयहरुहरुः-

निर्णय नं. १: प्रस्ताव नं. १ उपर छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकको निर्णयको समिक्षा गरियो तथा चालु आर्थिक वर्ष २०८२।०८३ को तेस्रो त्रैमासिक अवधीसम्मको बजेट तथा खर्च लगायत समग्र पक्षहरुको समिक्षा गरियो।

निर्णय नं. २: प्रस्ताव नं. २ उपर छलफल गर्दा यस लोमन्थाङ गाउँपालिकालाई बालमैत्री स्थानिय शासन कार्यान्वियनको लागि प्रतिवद्धता गर्ने निर्णय गरियो।

निर्णय नं. ३: प्रस्ताव नं. ३ उपर छलफल गर्दा बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम तपसीलको समिति गठन गर्ने निर्णय गरियो।

१. बालमैत्री स्थानीय शासन गाउँ समिति

क. गाउँपालिका अध्यक्ष- अध्यक्ष

ख. गाउँपालिका उपाध्यक्ष- उपाध्यक्ष

ग. प्रमुख प्रशासकीय अधिकृत- सदस्य

घ. वडाअध्यक्ष (सबै) — सदस्य

ङ. गाउँकार्यपालिका सदस्यहरु (सबै)- सदस्य

च. स्वास्थ्य, शिक्षा, महिला तथा बालवालिका, खानेपानी तथा सरसफाई शाखा प्रमुख — सदस्य

छ. कमलेश कुमार त्रिपाठी- प्र.अ., श्री दिब्यदिप मा.वि., छोसेर- सदस्य

ज. कर्मा नाङ्म्याल गुरुङ, अध्यक्ष, स्वास्थ्य व्यवस्थापन समिति- सदस्य

झ. प्रेमिका डाँगी, महिला शिक्षिका, राष्ट्रिय आ.वि.- सदस्य

ञ. टिकि केसाङ गुरुङ, महिला स्वास्थ्य स्वयंसेविका- सदस्य

ट. नन्दराम शर्मा पाण्डे, प्र.स.ह.- सदस्य

ठ. सामाजिक विकास शाखा प्रमुख — सदस्य सचिव

निर्णय नं. ४: प्रस्ताव नं. ४ उपर छलफल गर्दा नेपाल सरकार गृह मन्त्रालयको मिति २०८२।११।१८ गतेको राजपत्रमा प्रकाशित सूचना अनुसार सार्वजनिक सेवा प्रवाह सम्वन्धी विशेष व्यवस्था भएबमोजिम यस गाउँकार्यपालिका कार्यालय र गाउँपालिका अन्तर्गतका सम्पूर्ण कार्यालयमा तथा विद्यालयहरुमा आईतबार समेत सेवा प्रवाह गर्ने निर्णय गरियो।

निर्णय नं. ५: प्रस्ताव नं. ५ उपर छलफल गर्दा "संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२" बमोजिम यस कार्यालयले O & M निर्माण गरी आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ६: प्रस्ताव नं. ६ उपर छलफल गर्दा जिल्ला विपद व्यवस्थापन समिति, मुस्ताङबाट निर्णय भएबमोजिम बमोजिम प्रत्येक वडामा १/१ गरी ५ वटा र कोराला नाकामा १ गरी कुल ६ स्थानहरुमा विपद बोर्ड खरिद गरी राख्ने निर्णय गरियो।

निर्णय नं. ७: प्रस्ताव नं. ७ उपर छलफल गर्दा चालु आर्थिक वर्षमा स्वास्थ्य शाखाबाट पेश भई आएको निःशुल्क बृहत स्वास्थ्य शिविर (खर्च अनुमान -४ लाख ३० हजार आठ सय रुपैंया (दैनिक भ्रमण भत्ता प्रति दिन रु. ४,०००।००, प्राविधिक असिस्टेन्ट भत्ता प्रति दिन रु. २,०००।००, मेशिनरी संचालन खर्च रु. १८,०००।०० र यातायात खर्च रु. ५०,००० हुने गरी)) र पशु सेवा शाखाबाट पेश भई आएको आन्तरिक तथा वाह्य परजिवि विरुद्ध शिविर सञ्चालन गर्दा तालिम समेत गर्ने निर्णय गरियो।

निर्णय नं. ८: प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस गाउँपालिका कार्यालयमा भएको स्काभेटरको नियमित मर्मत तथा सर्भिसिङ गर्नुपर्ने भएकोले न्यूनतम खर्चमा मर्मत तथा सर्भिसिङ गर्ने निर्णय गरियो।

निर्णय नं. ९: प्रस्ताव नं. ९ उपर छलफल गर्दा चालु आर्थिक वर्षमा संघिय सरकारबाट हस्तान्तरित "छुर्पी प्रर्वद्धन कार्यक्रम" को लागि आवेदक पशुपालक कृषकहरुको माग बमोजिम छुर्पी सुकाउने सामाग्रीहरु खरिद गरी हस्तान्तरण तथा वितरण गर्ने निर्णय गरियो।

निर्णय नं. १०: प्रस्ताव नं. १० उपर छलफल गर्दा लोमन्थाङ गाउँपालिका वडा नं. ३ मा फापर खेती विकास कार्यक्रमको निरन्तरता (बजेट रकम रु. ७ लाख) सञ्चालन गर्ने निर्णय गरियो।